चन्द्रागिरि नगरपालिका
चन्द्रागिरि नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बलम्बु, काठमाडौं
बागमती प्रदेश, नेपाल

प.सं.: २०७८।६९
च.नं.: ५

फोन नं. ०१-४३१५७६६

मिति : २०७८/०४/१२

विषय:- २०७८ सालको विद्यालय तहको IEMIS अद्यावधिक गर्ने सम्वन्धमा ।

श्री विद्यालय (सबै)
चन्द्रागिरि नगरपालिका, काठमाडौं ।

उपर्युक्त सम्वन्धमा चन्द्रागिरि नगरपालिकामा रहेका सबै विद्यालयहरुले विद्यालय तहको शै.स. २०७८ सालको IEMIS २०७८ साउन मसान्तसम्म निम्नानुसार अद्यावधिक गरी Upload गर्नुहुन अनुरोध छ ।

विद्यालयहरुले गर्नुपर्ने कार्यहरु

१. सबै प्रकार र तहका विद्यालय (Mantessori/ECED देखि कक्षा १२ सम्म सञ्चालन भएका) हरुले आ-आफ्नो विद्यालयको Excel based को IEMIS अनिवार्य रुपमा अद्यावधिक गर्ने तथा नयाँ विद्यालय भए स्थानीय तह मार्फत शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट Excel based IEMIS File प्राप्त गरी पुर्ण रुपले भर्ने ।

२.विद्यालयको नाम, प्रधानाध्यापकको नाम थर, प्रध्यानाध्यापकको मोवाइल नम्वर, विद्यालय रहेको हालको स्थानीय तहको वडा नं., टोल, विद्यालयको इमेल ठेगाना (उपलब्ध नभएमा प्रधानाध्यापकको) स्थापना मिति , बाल विकास केन्द्रको सख्या ( विद्यालयमा आधारित र समुदायमा आधारित) लगायत विद्यालयको प्रकार, सञ्चालित कक्षा र अनुमति/स्वीकृति मिति अद्यावधिक गर्ने र सबै विद्यालयहरुले आ-आफ्नो विद्यालयको Excel based data को अद्यावधिक गरी सकेपछि अनिवार्य रुपमा IEMIS Web portal मा आफ्नो विद्यालयको User Account प्रयोग गरी Upload गर्ने ।

३. साविकको डाटा वेसमा रहेको प्रधानाध्यापकको मोवाइल नम्वरसँग नमिलेमा IEMIS File Web portal मा अपलोड नहुने भएकाले प्रधानाध्यापकको वास्तविक नम्वर उल्लेख गर्ने ।

४. Excel File मा भएका सबै विवरण अद्यावधिक नगरेका कारण विद्यालयले प्राप्त गर्ने अनुदान तथा विद्यार्थीले प्राप्त गर्ने सुविधामा फरक पर्ने भएकाले सबै विवरणहरु सतर्कतापूर्वक भर्ने/अद्यावधिक गर्ने । वास्तविक विवरण नभरेको /अद्यावधिक नगरेको कारण विद्यालय वा विद्यार्थी कुनै सुविधा प्रयोग गर्नबाट बञ्चित भएमा सम्वन्धित प्रधानाध्यापक नै जिम्मेवार हुने भएकाले यस कार्यमा प्रधानाध्यापक स्वयंले विशेष ध्यान दिने ।

५. हाल कर्यान्वयनमा रहेको विद्यालय तहको Excel based IEMIS भित्र Modules को रुपमा विद्यालय लेखा प्रणाली (School Accounting system ) र शिक्षक तलब भत्ता व्यवस्थापन प्रणालीको विकास गरिएको छ । यी Module हरु शैक्षिक सत्र २०७८ को शुरु र आर्थिक वर्ष २०७८/७९ को पहिलो चौमासिक देखि कार्यान्वयन गरिनेछ । यसका लागि थप मार्गदर्शन र निर्देशिका iemis.doe.gov.np उपलब्ध हुनेछ । विद्यालय लेखा प्रणालीका सम्वन्धमा प्रारम्भिक चरणको अभिमुखीकरण प्राप्त गरेका विद्यालयहरुले यसको कार्यान्वयनका लागि पुर्व तयारीका कार्यहरु गर्ने ।

# चन्द्रागिरि नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

बलम्बु, काठमाडौं

बागमती प्रदेश, नेपाल

प.सं.:..................

च.नं...................

फोन नं. ०१-४३१५७६६

मिति :......................


६. यस प्रणालीमा कोभिड १९ र यस्तै विभिन्न महामारीका कारण भौतिक उपस्थितिमा शिक्षण सिकाइ प्रक्रिया सञ्चालन हुन नसकेको समयमा विद्यार्थीको सिकाइ अवस्थाको पहिचान र विपदका कारण भएको क्षति र सो को समाधानका लागि गर्नुपर्ने कार्यको आवश्यकता पहिचानका लागि तयार गरिएको उपप्रणाली पनि आवद्ध छ। उक्त उपप्रणालीमा भर्नेपर्ने विवरणहरु भरी Web portal मा अपलोड गर्ने ।

७. अनलाइनबाट विद्यालयको Report Card डाउनलोड गरेर प्रिन्ट गरी उक्त Report मा प्राप्त विवरण अभिभावकलाई जानकारी गराउने, सामाजिक परीक्षण समितिलाई उपलब्ध गराउने र सोको प्रतिलिपी सामाजिक परीक्षण प्रतिवेदनको अनुसुचीको रुपमा समावेश गरी स्थानीय तहमा पेश गर्ने ।

८. गत वर्ष विवरण अद्यावधिक गर्न छुट भएका विद्यालयहरुले शैक्षिक सत्र २०७६ देखि नै विवरण अद्यावधिक गर्ने ।

कर्णबहादुर भुवाजी

प्रमुख, शिक्षा, युवा तथा खेलकुद शाखा